NRNA

Non-Resident Nepali Association

# गैरआवासीय नेपाली संघ

### महासचिव गौरीराज जोशीद्वारा प्रस्तुत

२०२३-२०२५ कार्यकाल अन्तर्गत पहिलो वार्षिक सांगठनिक

# प्रगति विवरण

### वार्षिक साधारण सभा

२७-२८ अक्टोबर २०२४



आदरणीय,
वार्षिक साधारणसभा प्रतिनिधिज्यूहरु
सम्पूर्णमा नमस्कार

सन् २०२४ अक्टोबर २७ र २८ मा आयोजना हुन लागेको गैरआवासीय नेपाली संघको वार्षिक साधारण सभाका लागि महासचिवको तर्फबाट संस्थागत प्रगति प्रतिवेदन पेश गरेका छौँ । सन् २००३ अगष्टमा लण्डनमा सम्पन्न गैरआवासीय नेपालीहरुको एक भेलामा व्यापक छलफल भई सोही वर्षको ११ अक्टोवरमा काठमाडौंमा पहिलो विश्व सम्मेलन आयोजना गरी स्थापना गरिएको गैरआवासीय नेपाली संघले २१ वर्ष पूरा गरेको छ । हाम्रा अग्रजहरुको अथक प्रयास र समर्पणले गैरआवासीय नेपाली संघ देश विदेशमा बस्ने नेपालीका लागि आशा र भरोसाको केन्द्र बन्दै आएको छ ।  "नेपालीका लागि नेपाली" भन्ने मुल मन्त्र बोकेर आफ्नो स्थापनाको दुई दशक बढी समय पूरा गर्दा एनआरएनएले आफूलाई बृहत बनाउँदै लगेको छ । हालै ८६ देशमा औपचारिक सञ्जालको विस्तार गरेर बाहिर बस्ने नेपाली समुदायलाई एउटै मालामा जोड्न सफल भएको छ । संघको ११ औं महाधिवेशनबाट डा बद्री केसीको नेतृत्वको कार्यसमितिले मिति २१ अक्टोवर २०२३ देखि कार्यकाल सुरु गरेको थियो । यस कार्यकालको आजसम्मको अवधिमा निकै नै महत्वपूर्ण कार्यहरु सम्पन्न भएका छन् । गैरआवासीय नेपाली संघ स्थापनादेखि नै मुख्य रुपमा उठान गरिएका माग तथा मुद्दाहरुमध्ये गैरआवासीय नेपाली नागरिकता प्राप्तिपछि त्यसको कार्यान्वयनका लागि विभिन्न पहल भएका छन् । वैदेशिक रोजगारी तथा विदेशमा स्वरोजगारमा रहेका श्रमिकलाई योगदानमा आधारिक सामाजिक सुरक्षा कोष योजना, लगानी प्रवर्द्धन, विदेशमा बस्ने नेपालीको मताधिकारको अधिकार र धितोपत्रमा विदेशबाटै कारोबार गर्ने प्रक्रियाको विषयमा निरन्तर छलफल गरिएको छ भने  शिक्षा तथा स्वास्थ्य, कला साहित्य तथा पर्यटन, उद्योग तथा सञ्चार, उर्जा लगायत खेलकुद, युवा तथा महिला सशक्तिकरणका लागि महत्वपूर्ण कार्यहरु भएका छन् । संघका मेघा प्रोजेक्टहरुको प्रगति उल्लेख्य छ । बाँकी केही प्रतिबद्धताहरु पूरा हुने चरणमा छन् । २०२३-२०२५ कार्यकाल अन्तर्गतको पहिलो वर्षमा गरेका महत्वपूर्ण कामहरुको सारांश यहाँ प्रस्तुत गरेका छौँ ।

भवदीय,

महासचिव
गौरीराज जोशी

# १ गैरआवासीय नेपाली नागरिकताको पूर्ण कार्यान्वयनका लागि पहल

नेपालको संविधानको धारा १४ कार्यान्वयनका लागि नेपाल नागरिकता ऐन, २०६३ र नेपाल नागरिकता नियमावली, २०६३ मा क्रमशः संशोधन भई गैरआवासीय नेपालीहरु (विदेशी मुलुकको नागरिकता प्राप्त गरेका व्यक्ति) ले गैरआवासीय नेपाली नागरिकता प्राप्त गरिरहेका छन् । गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्र वितरणको कार्य अहिले अधिकांश जिल्ला प्रशासन कार्यालयहरुबाट सहज रुपमा भइरहेको छ ।

नेपाल सरकारले गैरआवासीय नेपाली नागरिकता वितरणको कार्य सुरु भएको सकारात्मक सन्देश विश्वभर पुगेसंगै गैरआवासीय नेपालीहरु आवश्यक कागजातसहित नागरिकता लिनको लागि नेपाल आउने क्रम बढ्दो छ । गैरआवासीय नेपाली नागरिकता लिने क्रममा सम्बन्धित निकायहरुमा अझैं केही अस्पष्टता देखिएकोले लिनको लागि समस्या भएको छ, भने नागरिकता प्राप्त गरिसकेपछि त्यसको संबैधानिक अधिकार सहितको सामाजिक, सांस्कृतिक र आर्थिक अधिकारको पुर्ण प्रयोग गर्ने क्रममा भने केही समस्या देखिएको छ । त्यसैले नेपाली नागरिक सरह गैरआवासीय नेपाल नागरिकलाई सामाजिक, सांस्कृतिक र आर्थिक अधिकार रहेको व्यहोरा जनाई नेपाल सरकारका सबै निकाय, सबै प्रदेश सरकार र सबै स्थानीय तहलाई परिपत्र गरिदिनुपर्ने आवश्यकता रहेको छ । त्यति मात्र हैन कतिपय कानुनहरुमा समेत परिमार्जन गरी गैर आवासीय नेपाली नागरिहरुले नागरिकता प्राप्त गरिसकेपछि प्राप्त गर्नुपर्ने सामाजिक, आर्थिक तथा सांस्कृतिक अधिकार प्राप्त गर्नका लागि सम्बन्धित निकायहरुमा अथक रुपमा बहस तथा पैरवीका कार्यहरु भईरहेका छन् ।

यसै विषयलाई ध्यानमा राखेर हामीले निरन्तर नेपाल सरकारसँग संवाद र नागरिकताको पूर्ण कार्यान्वयनका लागि पहल गरिरहेका छौँ । यसै सम्बन्धमा नेपाल सरकारको ध्यानाकर्षणका लागि निम्नानुसार अन्तरक्रियात्मक कार्यक्रम, भेटघाट र छलफल भएका छन् ।

गैरआवासीय नेपाली नागरिकताको पूर्ण कार्यान्वयनका लागि गृहमन्त्रीसहित सरोकारवालाको ध्यानाकर्षण गरिएको छ । माननीय गृहमन्त्री रमेश लेखक, संविधानसभा सदस्यहरु वरिष्ठ अधिवक्ता राधेश्याम अधिकारी, डा. खिमलाल देवकोटा, राष्ट्रिय सभाका पूर्व सदस्य राम नारायण बिडारी र पूर्व महान्यायाधिवक्ता अग्नि प्रसाद खरेल लगायत सरोकारवालालाई आमन्त्रण गरी सरकारले आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसहित नागरिकताको व्यवस्था गरेतापनि अझै उक्त अधिकार प्राप्त हुन नसकेको भन्दै ध्यानाकर्षण गराइएको थियो । यस्तै गैरआवासीय नेपाली नागरिकताको पूर्ण कार्यान्वयनका देश विदेशबाटै विभिन्न कार्यक्रममार्फत सरकारलाई दबाब दिइएको छ ।

# २ परोपकारी कार्य

- जाजरकोट र रुकुम पश्चिमका भूकम्प पीडितलाई राहत वितरण
- जाजरकोटको रिम्ना गाउँपालिकामा स्वास्थ्य शिविर
- जाजरकोटमा न्यानो पोशाक वितरण
- भूकम्प प्रभावित महिला-बालबालिकाका लागि आर्थिक सहयोग संकलन
- सिन्धुपाल्चोकस्थित बाल शिक्षा माध्यमिक विद्यालयका छात्र-छात्राहरु लाई म्याट्रेस वितरण
- भोजपुर टक्सारका आगलागी पीडितलाई जस्तापाता वितरण
- कंगोमा ज्यान गुमाएका डोटीका सुरेश सिल्लाको परिवारलाई सहयोग
- बाढी तथा पहिरो प्रभावित परिवारलाई राहत वितरण
- प्रधानमन्त्री दैवी प्रकोप उद्दार कोषमा रु. ५१ लाख प्रदान
- परोपकार विविध

## २.१ जाजरकोट र रुकुम पश्चिमका भूकम्प पीडितलाई राहत वितरण

जाजरकोट र रुकुम पश्चिमका विभिन्न स्थानमा २०८० कार्तिक १७ गते शुक्रवार राति गएको भूकम्पबाट प्रभावितहरुलाई राहत सामग्री हस्तान्तरण गरिएको छ । अध्यक्ष डा बद्री केसीको नेतृत्वमा गएको टोलीले भूकम्प प्रभावितहरुलाई प्रत्यक्ष भेटेर राहत सामग्री हस्तान्तरण गरेको हो । भूकम्प अति प्रभावित आठबीसकोट नगरपालिकामा गैरआवासीय नेपाली संघको तर्फवाट भूकम्प पीडित घरपरिवारहरुको लागि राहत सामग्री हस्तान्तरण गरिएको हो । संघले रुकुम पश्चिमका भूकम्प प्रभावित क्षेत्रमा त्रिपाल २०० थान, फेन्सी कपडा १० सेट (२०० थान), ब्लाङ्केट २०० थान, चप्पल ४०० जोर, चामल ४०० बोरा, दाल १०० केजी, १००० लिटर तेल, ५०० केजी नुन लगायतका राहत सामग्री हस्तान्तरण गरेको छ । यस्तै जाजरकोटमा पनि सोही परिमाणमा राहत सामाग्री वितरण गरिएको हो ।

## २.२ जाजरकोटको रिम्ना गाउँपालिकामा स्वास्थ्य शिविर

भूकम्प प्रभावित क्षेत्र जाजरकोट जिल्लाको रिम्ना गाउँपालिकामा स्वास्थ्य शिविर सञ्चालन गरिएको छ । एनआरएनए अन्तरर्गतको विश्व स्वास्थ्य समितिले सञ्चालन गरेको स्वास्थ्य शिविरमा २ सयभन्दा बढीले स्वास्थ्य परीक्षण गराएका थिए । शिविरमा भूकम्पपीडितहरूलाई हुन सक्ने सम्भावित रोगबाट बच्नको लागि आवश्यक स्वास्थ्य सामग्री वितरण गर्नुका साथै उनीहरुको स्वास्थ्य अवस्था, औषधि वितरण र मानसिक स्वास्थ्य परामर्श  दिइएको थियो । सो शिविरमार्फत स्वास्थ्य सेवा प्रदान गर्न चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको टोली काठमाण्डौं देखि जाजरकोट पुगेको थियो ।

## २.३ जाजरकोटमा न्यानो पोशाक वितरण

जाजरकोटका भूकम्प पीडितको लागि न्यानो कपडा वितरण गरिएको छ । कुसे गाउँपालिकाका तीन विद्यालयहरु श्री भगवती आवासीय विद्यालयमा १ सय २७ थान न्यानो पोशाक र १ सय २७ थान टोपी, वीरेन्द्र आवासीय विद्यालयमा ६७ थान न्यानो पोशाक, ६७ थान टोपी र श्री जन कल्याण आवासीय विद्यालयमा १ सय ५६ थान न्यानो पोशाक र  १ सय ५६ थान टोपी हस्तान्तरण गरिएको हो  । कुशे गाउँपालिकाका वडा अध्यक्ष मन बहादुर सिंह, वडा सदस्य कदर सिंह र संयोजक राधिका शर्मा, इन्द्र बहादुर सिंह लगायत विद्यालय शिक्षकहरुको उपस्थितिमा सहयोग हस्तान्तरण थियो ।

## २.४ भूकम्प प्रभावित महिला-बालबालिकाका लागि आर्थिक सहयोग संकलन

भूकम्प प्रभावित पश्चिम नेपालका महिला-बालबालिकाका लागि महिला विभागद्वारा आर्थिक सहयोग संकलन गरेको छ । सोही क्रममा भूकम्प प्रभावित पश्चिम नेपालका महिला बालबालिकाका लागि सहयोग जुटाउन लण्डनमा गजल साँझ सम्पन्न गरेको थियो । भूकम्प पीडितको सहयोगार्थ महिला विभागको सक्रियतामा रु १५ लाख संकलन गरि राहत वितरण गरिएको थियो ।

## २.५ सिन्धुपाल्चोकस्थित बाल शिक्षा माध्यमिक विद्यालयका छात्र-छात्राहरु लाई म्याट्रेस वितरण

सिन्धुपाल्चोकको बलेफी गाउँपालिका वडा नं ७ खाडीचौरस्थित श्री बाल शिक्षा माध्यमिक विद्यालयमा रहेका आवासीय छात्र-छात्राहरुलाई ४० थान म्याट्रेस वितरण गरिएको छ। सो अवसरमा प्रतिनिधि सभा सदस्य माननीय माधव सापकोटा 'सुबोध'ज्युको उपस्थितिमा

पीडितहरूलाई राहत प्रदान गरिएको छ । आगलागी पीडित स्थानीयहरूलाई एनआरएनएको तर्फबाट अस्थायी आवास निर्माणका लागि २५ बन्डल (५ परिवारका लागि) जस्तापाता प्रदान गरिएको हो । नगरप्रमुख कैलाश कुमार आलेमार्फत राहत उपलब्ध गराइएको हो ।

### २.७ कंगोमा ज्यान गुमाएका डोटीका सुरेश सिल्लाको परिवारलाई सहयोग

वैदेशिक रोजगारीका सिलसिलामा कंगोमा ज्यान गुमाएका डोटी आदर्श गाउँपालिका- ६ का सुरेश सिल्लाको परिवारलाई २६ लाख ६१ हजार ८ सय २० रुपैयाँ आर्थिक सहयोग प्रदान गरिएको छ । चार महिने नाबालक खगेन्द्रसहित उपस्थित सिल्लाकी पत्नी राजु सिल्ला, पिता पदमबहादुर सिल्ला, दाजु वीरेन्द्रसिंह सिल्ला, ठूलो बुवा धनबहादुर सिल्ला र आदर्श गाउँपालिका अध्यक्ष गणेश खड्काले एनआरएन अध्यक्ष केसीसहित अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारीबाट चेक बुझेका थिए । परिवारलाई हस्तान्तरण गरिएको रकम राष्ट्रिय समन्वय परिषद् कंगोले संकलन गरेको थियो । एनआरएनए कंगोका अध्यक्ष विष्णु गिरी तथा अन्य पदाधिकारीहरुले सहयोग जुटाउन नेतृत्व गर्नुभएको थियो ।

### २.८ बाढी, पहिरो, र डुबानबाट प्रभावितहरूलाई १ करोड रुपैयाँ सहयोग गर्ने घोषणा

अविरल वर्षाका कारण देशका विभिन्न भागमा आएको बाढी, पहिरो, र डुबानबाट प्रभावितहरूलाई गैरआवासीय नेपाली संघले (एनआरएनए) १ करोड रुपैयाँ सहयोग गर्ने घोषणा गरिएको छ । त्यसको लागि उपाध्यक्ष एवं परोपकार तथा मानव कल्याण विभागका प्रमुख डा. हेम राज शर्माको संयोजकत्वमा समिति गठन गरी आर्थिक सहायता संकलन सुरु गरियो । समितिमा संघका विभिन्न पदाधिकारीहरु, क्षेत्रीय संयोजकहरू, तथा राष्ट्रिय समन्वय परिषद्का अध्यक्षहरु समेतलाई संलग्न गराइयो ।

### २.९ बाढी तथा पहिरो प्रभावित परिवारलाई राहत वितरण

गैरआवासीय नेपाली संघ -एनआरएनए) ले बाढी, डुबान तथा पहिरोबाट प्रभावित परिवारका लागि राहत वितरण गरेको छ । बाढी तथा डुबानका कारण प्रभावितहरुलाई गैरआवासीय संघको तर्फबाट दक्षिणकालीमा ५० परिवार र इन्द्रसरोवर गाउँपालिका, सिस्नेरीमा ७० परिवार, काभ्रेको पनौतीमा २ सय परिवार र ललितपूरको ठोस्नेखोलामा ६० परिवार, महांकाल गाउँपालिकामा ६० परिवार, सुनकोशी गाउँपालिकामा ५० परिवार, बेनिघर रोराङ गाउँपालिकामा ५० परिवार र खानियाबाशी गाउँपालिकामा ५० परिवार,लाई राहत सामग्री वितरण गरिएको छ ।

यस्तै बलारा नगरपालिका र पाँचथरका फलेलुङ तथा फिदिम नगरपालिका पनि क्रमशः ३८ र ८५ परिवार लाई राहत वितरण गरिएको छ । यस्तै संखुवासभाको भोटेखोला गाउँपालिका घर भई हाल ललितपूरको भैसेपाटी बस्ने १३ घर परिवारलाई राहत वितरण गरिएको छ । अविरल वर्षापछि आएको बाढी तथा डुबानका कारण प्रभावित उनीहरुलाई राहत वितरण गरिएको हो । यस्तै ललितपूरको कोन्ज्योसोम् मा पनि ३६ परिवारलाई राहत वितरण गरिएको छ । स्थानीय तहसँग समन्वय पश्चात अति प्रभावित स्थानमा खाद्य सामाग्री, लत्ताकपडा, म्याट्रेस, त्रिपाल, सोलार बत्ती, प्राथमिक उपचार बक्स, लगायतका सामाग्रीहरु वितरण गरिएको हो ।

## २.१० प्रधानमन्त्री दैवी प्रकोप उद्दार कोषमा रु. ५१ लाख प्रदान

गैरआवासीय नेपाली संघ -एनआरएनए) ले बाढी, डुबान तथा पहिरोबाट प्रभावित परिवारका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्दार कोषमार्फत रु. ५१ लाख प्रदान गरेको छ । यसअघि संघले अविरल वर्षापछि आएको बाढी, डुबान तथा पहिरो प्रभावितका लागि १ करोड सहयोग गर्ने घोषणा गरेको थियो । जसअन्तर्गत स्थानीय तहमा खाद्य तथा लत्ताकपडा वितरण गर्नुका साथै केन्द्र सरकारलाई उक्त रकम सहयोगस्वरुप उपलब्ध गराइएको हो ।

## २.११ परोपकार विविध

- पोर्चुगलमा भएको आपराधिक आक्रमणबाट निधन भएका मृतक धनबहादुर क्षेत्रीको परिवारलाई तत्काल रु २ लाख सहयोग सहयोग गरिएको छ ।
- युएईमा निधन भएका सरिता पहरीका श्रीमान अखिलकुमार पहरीलाई रु. ८० हजार सहयोग प्रदान गरिएको छ ।
- महिला विभागको नेतृत्वमा धनकुटाको पुर्नस्थापना सेवा केन्द्रमा आश्रित बालबालिकाको सहयोगार्थ रु २ लाख प्रदान गरिएको छ ।
- गैरआवासीय नेपाली सघ र ज्योति फाउन्डेशनबीच एक सम्झौता पत्रमा हस्ताक्षर गरी इ-लाइब्रेरी स्थापना र सञ्चालनका लागि रु ४ लाख १० हजार रुपैयाँ सहयोग गरिएको छ । अनन्त महायज्ञमा रु ११ लाख ११ हजार १ सय ११ दान गरिएको छ ।
- संघका अध्यक्ष डा. बद्री केसी लगायतका पदाधिकारीहरूद्वारा सुनसरीको बर्जु वडा नं ४ मा भएको आगलागी प्रभावित क्षेत्रको अवलोकन गरिएको छ ।

# ३ सूचना, सञ्चार, प्रकाशन

- पोडकास्टको सुरुवात
- एनआरएनए, ग्लोबल डायस्पोरा कनेक्ट, २०२४

## सूचना, सञ्चार, प्रकाशन

अन्तर्राष्ट्रिय समन्वय परिषद्का अध्यक्षको मासिक प्रतिवेदन, संघका विभिन्न गतिविधिहरु प्रकाशन, गैरआवासीय नेपाली नागरिकता सम्बन्धि प्रश्नोत्तर (एफएक्यू), सामाजिक सुरक्षा कोष सम्बन्धि प्रश्नोत्तर(एफएक्यू) प्रकाशन गरिएको छ । यस्तै संघको वेभसाइट अद्यावधिक गरिएको छ भने फेसबुक लगायत सामाजिक सञ्जालको प्रभावकारी परिचालन भएको छ।

## ३.१ पोडकास्टको सुरुवात

संघका आर्थिक, सामाजिक, र सांस्कृतिक गतिविधिसहित विश्वभरि रहेका नेपाली डायस्पोराको गतिविधिलाई उजागर गर्नका लागि पोडकास्टको सुरुवात गरिएको छ। यस पोडकास्टमा एनआरएनका अभियन्ताहरूलाई आमन्त्रित गरी विभिन्न विषयमा छलफल गरिन्छ। पोडकास्टको पहिलो संस्करणमा १५ वटा श्रृंखलासम्म प्रसारण भइसकेको छ। यस्तै दोस्रो संस्करणमा ४ वटा पोडकास्ट सम्पन्न भएको छ । यस पहलले नेपाली डायस्पोराको योगदान र अनुभवलाई साझा गर्दै, उनीहरूको आवाजलाई विश्वभर फैलाउने उद्देश्य राखेको छ।

## ३.२ एनआरएनए, ग्लोबल डायस्पोरा कनेक्ट, २०२४

नयाँ वर्ष २०२४ को शुभकामना आदानप्रदान कार्यक्रममा सम्पन्न गरियो। सो अवसरमा युरोप, अमेरिका, अष्ट्रेलिया, अफ्रिका, मध्यपूर्व, एशिया प्रशान्त क्षेत्रमा एकैपटक जुममार्फत शुभकामना आदानप्रदान सहित विभिन्न सांगीतिक प्रस्तुत गरिएको थियो। नेपाल र नेपाली भाषाको प्रवर्द्धन तथा संस्कृति आदान प्रदान गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको थियो।

# ४

# साहित्य तथा पुरस्कार

- डायस्पोरा नेपाली संस्कृति र सम्पदा पुस्तकको लोकार्पण

## ४. साहित्य तथा पुरस्कार

अष्ट्रेलियामा निवासी वैज्ञानिक एवम् गैरआवासीय नेपाली संघका सीप, ज्ञान तथा नव प्रवर्तन विभाग अन्तर्गतको नेपाल साइन्स फाउन्डेशनका संयोजक, डा राजु अधिकारी गैरआवासीय नेपाली विज्ञान तथा प्रविधि पुरष्कारबाट सम्मानित हुनुभएको छ। नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नास्ट) द्वारा स्थापित सो पुरष्कारबाट सम्मानित हुने डा अधिकारी पहिलो गैरआवासीय नेपाली हुनुहुन्छ।

## ४.१ डायस्पोरा नेपाली संस्कृति र सम्पदा पुस्तकको लोकार्पण

भर्चुअल समारोह आयोजना गरेर डायस्पोरा नेपाली संस्कृति र सम्पदा पुस्तकको लोकार्पण गरिएको छ। कार्यक्रममा विभिन्न देशमा रहेका नेपाली समुदायका सदस्यहरू, लेखकहरू, र संस्कृतिविद्हरूको सहभागिता रहेको थियो । पुस्तकले प्रवासी नेपालीहरूको जीवनशैली, संस्कृति, र सम्पदाको संरक्षण र प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

# ५ मेगा परियोजनाहरु

- मोबाइल ब्लड बस परियोजना
- सेती प्रादेशिक अस्पताललाई अक्सिजन प्लान्ट परियोजना

## ५.१ मोबाइल ब्लड बस परियोजना

यस परियोजना अन्तर्गत नेपालका विभिन्न ४ प्रदेशमा मोबाइल ब्लड बस हस्तान्तरण गरिएको छ । यस परियोजनाका लागि विभिन्न राष्ट्रिय समन्वय परिषद्हरु, अन्तर्राष्ट्रिय समन्वय परिषद र गैरआवासीय नेपाली अभियन्ताहरुले आर्थिक सहयोग गरेका छन् । नेपालका विभिन्न प्रदेशमा रु ७० लाखका दरले सहयोग गरिएको हो । जसअन्तर्गत कोशी प्रदेशको धरान रेडक्रस सोसाईटीलाई मोबाईल ब्लड बस हस्तान्तरण गरिएको छ । सुनसरी जिल्ला शाखाद्वारा सञ्चालित रक्तसंचार सेवा केन्द्र धरानको लागि ब्लड मोबाइल बस हस्तान्तरण गरिएको हो । सो मोबाइल ब्लड बस संघका अध्यक्ष डा.बद्री केसी र कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले रेडक्रस सोसाइटी सुनसरीका अध्यक्ष उमेश थापालाई हस्तान्तरण गर्नुभएको हो । मधेश प्रदेशमा पनि मोबाइल ब्लड बस हस्तान्तरण गरिएको छ । धनुषास्थित नेपाल रेडक्रस सोसाईटीलाई ब्ल्ड बस हस्तान्तरण गरिएको हो ।

यस्तै नेपाल रेडक्रस सोसाइटी प्रादेशिक रक्तसञ्चार सेवा नेपालगन्जलाई मोबाइल ब्लड बस हस्तान्तरण गरिएको छ । अध्यक्ष डा.बद्री केसीले नेपालगन्ज उपमहानगरपालिकाका कार्यबाहक मेयर कमरुद्दिन राईलाई र राईले नेपाल रेडक्रस सोसाइटी बाँके शाखाका सभापति गोवर्धन सिंह सम्झनालाई बसको साँचो हस्तान्तरण गर्नुभएको हो ।

## ५.२ सेती प्रादेशिक अस्पताललाई अक्सिजन प्लान्ट परियोजना

गैरआवासीय नेपाली संघ (एनआरएनए) ले सेती प्रादेशिक अस्पताललाई १ करोड २५ लाख रुपैयाँको अक्सिजन प्लान्ट हस्तान्तरण गरेको छ । धनगढीमा आयोजित एक कार्यक्रममा एनआरएनए अध्यक्ष डा. बद्री केसीले अस्पतालका अध्यक्ष नरबहादुर शाहलाई अक्सिजन प्लान्ट हस्तान्तरण गर्नुभएको हो ।

# ६ नेपाल डेभलप्मेन्ट फण्ड लिमिटेडको उल्लेख्य प्रगति

नेपाल डेभलप्मेन्ट फण्ड लिमिटेडले लगानीका क्षेत्रमा विभिन्न कानूनी सुधारहरुका लागि गरेका पहलहरुमध्ये केही महत्वपूर्ण पहल सफल भएका छन् । उद्योग, तथा वाणिज्य आपूर्ति मन्त्रालयबाट निम्नानुसारको व्यवस्था गरेको छ ।

६.१) नेपाल सरकार र गैर आवासीय नेपालीहरूको संयुक्त लगानीमा स्थापना भएको इन्भेष्टमेन्ट कम्पनीमार्फत् नेपालमा लगानी गर्न गैर आवासीय नेपाली ( प्राकृतिक व्यक्ति) लाई विदेशी लगानीको न्यूनतम सीमा लागू नहुने र यस्तो इन्भेष्टमेन्ट कम्पनीले इन्भेष्टमेन्ट कम्पनीका सबै शर्तहरू पालना गर्नुपर्ने भनि राजपत्रमा प्रकाशित गरिएको छ ।

६.२) लगानी (इन्भेष्टमेन्ट) कम्पनी स्थापना गर्दा पालना गर्नपर्ने विषय तथा शर्त अन्तर्गत ४ को (ङ) मा नेपाल सरकार र गैरआवासीय नेपालीको संयुक्त लगानीमा स्थापना हुने इन्भेष्टमेन्ट कम्पनीमा लगानी गर्ने गैरआवासीय नेपालीको लगानी विवरण र आवश्यक कागजात सहित कम्पनीले नै लगानीकर्ताको नामबाट विदेशी लगानी स्वीकृत गराउन सक्ने निर्णय गरिएको छ।

६.३ गैरआवासीय नेपाली नागरिकताकै आधार नेपालमा कम्पनी दर्ता गर्न पाउने व्यवस्था गर्न अहिले पहल भइरहेको छ ।

६.४ धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (सातौं संशोधन) को मूल नियमावलीमा नियम ४१ ख थप: मूल नियमावलीको नियम ४१ क पछि देहायको नियम ४१ ख. थपिएको छ ।

४१.ख. संयुक्त लगानीमा स्थापना भएको इन्भेष्टमेन्ट कम्पनीले जारी गर्ने धितोपत्र:- ( १ ) नेपाल सरकार र गैर आवासीय नेपालीको संयुक्त लगानीमा प्रचलित कानून बमोजिम स्थापना भएको इन्भेष्टमेन्ट कम्पनीले विदेशी नागरिकता वा कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र प्राप्त गैर आवासीय नेपालीको लागि मात्र नेपाल राष्ट्र बैंकको स्वीकृति लिई

पूर्वाधारसम्बन्धी परियोजनाहरूमा शेयर, वण्ड र डिबेन्चरमा लगानी गर्न पाउने र विदेशी मुद्रामा समेत भुक्तानी हुने गरी नियमानुसार धितोपत्र निष्काशन गर्न सक्नेछ । यसप्रकारको विदेशी मुद्राको शेयर, वण्ड वा डिवेन्चरमा लगानी गर्ने गरी निष्काशन गरिएको धितोपत्रको कारोवार विदेशी नागरिकता प्राप्त वा कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र प्राप्त गैर आवासीय नेपालीबीच मात्र हुनेछ ।

# ७ नेपाल पर्यटन प्रवर्द्धन

- लुम्बिनीको अन्तर्राष्ट्रियस्तरमा प्रचार-प्रसार र पर्यटन प्रवर्द्धनमा सहकार्य

गैरआवासीय नेपाली संघले नेपालको पर्यटन प्रबर्द्धनमा नेपाल सरकार तथा सरोकारवाला निकायहरुसँग सहकार्य तथा समन्वय गरी आफ्ना गतिविधिहरु सञ्चालन गरिरहेको छ । यही क्रममा भरतपुर भ्रमण वर्ष २०२४ को समुद्घाटन समारोहमा संघले सहभागिता जनाएको छ। नेपाललाई विश्वमा चिनाउनको लागि यस समितिले देशहरुमा नेपाल महोत्सव तथा मेलाको आयोजनाका लागि सहयोग गर्दै आएको छ। साथै विदेशबाट लागि विदेशका विभिन्न मुलुकमा प्रचार प्रसार गर्ने कार्य गरिरहेको छ।

## ७.१ लुम्बिनीको अन्तर्राष्ट्रियस्तरमा प्रचार-प्रसार र पर्यटन प्रवर्द्धनमा सहकार्य

गैरआवासीय नेपाली संघ (एनआरएनए) र लुम्बिनी सांस्कृतिक नगरपालिका, कपिलवस्तु नगरपालिका, रामग्राम नगरपालिका तथा देवदह नगरपालिकाको संयुक्त साझेदारीमा लुम्बिनी क्षेत्रको पर्यटन प्रवर्ध्दन तथा विकासका लागि समझदारी पत्रमा हस्ताक्षर भएको छ । उक्त समझदारीपत्रमा संघका तर्फबाट अध्यक्ष डा बद्री केसी, लुम्बिनी सांस्कृतिक नगरपालिकाका नगर प्रमुख सजरुद्दिन मुसलमान, कपिलवस्तु नगरपालिकाका नगर प्रमुख धनपत यादव, रामग्राम नगरपालिकाका नगर प्रमुख सुदिप पौडेल तथा देवदह नगरपालिकाका नगर प्रमुख ध्रुब प्रसाद खरेलले हस्ताक्षर गर्नुभएको हो ।

८

# महिला विभागको विशेष परियोजना सम्पन्न

महिला विभागको नेतृत्वमा सञ्चालित "एक गैरआवासीय नेपालीको प्रतिबद्धता एक असहाय बालबालिकाको सहायता" परियोजना सम्पन्न भएको छ । संघकी महिला सचिव टिका गुरुङको संयोजकत्वमा सञ्चालित परियोजनामा नेपाल सरकार महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय अन्तर्गत रहेको केन्द्रीय बाल कल्याण समितिको निर्देशनमा सरोकारवाला साझेदार यूसेफ नेपालमा संरक्षित बालबालिकाको लालनपालन, शिक्षा तथा स्वास्थ्यका लागि यो परियोजना सञ्चालन गरिएको थियो । संघले युसेफ नेपालमा रहेका ५० जना बालबालिकाको लागि आर्थिक सहायता गरेको हो ।

# ८ युवा तथा खेलकुद गतिविधि

गैरआवासीय नेपाली संघको महिला विभागको नेतृत्वमा विभिन्न कामहरु भएका छन् । नेपालमै पहिलो पटक विश्व महिला सम्मेलन गर्ने योजनाका साथमा नेपाल सरकारसँग पहिलो चरणका परामर्ष कार्यक्रमहरु सम्पन्न भएका छन् । यस सन्दर्भमा महिला विभागले नेपाल सरकारको महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसहित अन्य तालुकदार मन्त्रालय तथा निकायसँग छलफल गरेको छ ।

यस्तै युवा विभागले पनि विश्वभरका युवा लक्षित विभिन्न कार्यहरु अघि बढाएको छ । विशेषत: नेपालको खेलकुद प्रवर्द्धनको लागि नेपाल सरकार र विभिन्न सरोकारवालाहरुसँग सहकार्य तथा समन्वय गरी आफ्ना गतिविधिहरु अगाडी बढाई रहेको छ । नेपाल सरकारले आयोजना गर्ने राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागिता जनाउने निर्णय गरिएको छ । र सम्बन्धित निकायमा पत्राचार गरिएको छ । यस्तै टी- २० विश्व कपमा छनोट भएकोमा नेपाल क्रिकेट संघलाई सहयोग रकम रु १० लाख हस्तान्तरण गरिएको छ । काभा वुमन्स नेसन्स लिग भलिबल प्रतियोगितामा दोस्रो विजेता टोलीहरूलाई नगद पुरस्कार रु ८ लाख प्रदान गर्नुका साथै रेड हर्स फुटबल क्लबले आयोजना गरेको एनआरएनए इलाम गोल्ड कप प्रतियोगिताका लागि रु ५ लाख सहयोग रकम हस्तान्तरण गरिएको छ । माल्टाको क्रिकेट खेलाडीलाई ५ जनालाई जनही १ लाखका दरले ५ लाख रुपैंया प्रदान गरिएको छ । यस्तै धनगढीस्थित फारवेष्ट फुटबल क्लवलाई सहयोगस्वरुप २ लाख ५० हजार प्रदान गरिएको छ । यस्तै १८औं सफल पोखरा अन्तर्राष्ट्रिय म्याराथुन प्रतियोगितामा संघको सहभागीता रह्यो । पोखरामा आयोजित म्याराथनका लागि रु ७ लाख ५० हजार सहयोग समेत प्रदान गरिएको छ । यस्तै नेप्लिज क्यानेडियन क्रिकेट संघलाई रु २ लाख ६२ हजार सहयोग गरिएको छ ।

# १० सरकारसँग सहकार्य

- एनआरएन नेपाल डेभलपमेन्ट फण्ड सञ्चालन सम्बन्धमा नेपाल सरकारका विभिन्न मन्त्रीहरुसँग भेटघाट
- अन्तर्राष्ट्रियस्तरको चिया सम्मेलनमा एनआरएनए
- नीति तथा अनुसन्धान प्रतिष्ठानमा सुझाव पेश

संघले नेपाल सरकारसँग निरन्तर सहकार्य गर्दै आएको छ । यसै क्रममा नेपाल सरकारले पहिलो पटक लगानी सम्मेलनमा संघलाई सहभागी गराएको छ । बजेटमै गैरआवासीय नेपालीलाई नेपाल फर्कन, लगानी गर्न आह्वान गरिएको छ । सरकारको नीति तथा कार्यक्रम एवं बजेटमा पनि संघले आफ्नो महत्वपूर्ण सुझाव पेश गरेको छ । यस्तै सामाजिक सुरक्षा कोषलाई बृहत रुपमा अघि बढाउन देखि अन्य विविध सरकारी नीति नियम तथा कार्यक्रममा सरकारले गैरआवासीय नेपाली संघलाई विशेष प्राथमिकता दिएको छ ।

## १०.१ एनआरएन नेपाल डेभलपमेन्ट फण्ड सञ्चालन सम्बन्धमा नेपाल सरकारका विभिन्न मन्त्रीहरुसँग भेटघाट

गैरआवासीय नेपाली संघका अध्यक्ष डा बद्री केसीको नेतृत्वमा डेभलपमेन्ट फण्डलाई सञ्चालनमा ल्याउन विभिन्न चरणमा नेपाल सरकारको अर्थ मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, गृह मन्त्रालय, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय लगायतमा मन्त्रीस्तरीय भेटवार्ता तथा छलफल गरिएका छन् । नेपाल सरकारको समन्वय तथा सहकार्य र गैरआवासीय नेपाली संघको अग्रसरतामा नेपालमा पूर्वाधार क्षेत्रमा लगानी गर्ने गरी १० अर्ब रुपैयाँको कोष स्थापना गरी सञ्चालनमा ल्याउन लागिएको हो । एनआरएन नेपाल डेभलप्मेन्ट फण्ड लिमिटेडमा नेपाल सरकारको ५ प्रतिशत र गैरआवासीय नेपालीको ९५ प्रतिशत लगानी हुनेछ ।

## १०.२ अन्तर्राष्ट्रियस्तरको चिया सम्मेलनमा एनआरएनए

गैरआवासीय नेपाली संघ (एनआरएनए)ले कोशी प्रदेश सरकारले आयोजना गर्न लागेको अन्तर्राष्ट्रियस्तरको चिया सम्मेलनमा सहकार्य गर्न विभिन्न चरणमा छलफल भएका छन् । नेपालमा उत्पादित चियालाई विश्व बजारमा व्यापक प्रचार-प्रसार गरी बिक्री वितरण र निकासीलाई प्रवर्द्धन गर्न कोशी प्रदेश सरकारबाट आयोजना गर्न लागिएको अन्तर्राष्ट्रियस्तरको चिया सम्मेलनमा संघले पनि प्रदेश सरकारसँग सहकार्य गर्ने सम्बन्धी सहमतिपत्रमा हस्ताक्षर गरिएको छ । कोशी प्रदेश लगानी प्राधिकरणका प्रमुख कार्यकारी निर्देशक डा. सरोज कोईराला र गैरआवासीय नेपाली संघका अध्यक्ष डा बद्री केसीले हस्ताक्षर उक्त सहमतिपत्रमा हस्ताक्षर गर्नुभएको छ ।

## १०.३ नीति तथा अनुसन्धान प्रतिष्ठानमा सुझाव पेश

नेपाल सरकारको नीति तथा अनुसन्धान प्रतिष्ठानद्वारा आयोजना गरिएको सार्वजनिक नीति संवाद कार्यक्रममा संघका प्रतिनिधिहरुको सहभागीता रह्यो । जहाँ मुख्यतया श्रम आप्रवासन नीति २०८१ को मस्यौदामा थप सुधारका लागि छलफल  भयो । उक्त कार्यक्रममार्फत श्रम आप्रवासन मस्यौदा उपर संघको तर्फबाट सुझाव पेश गरिएको छ ।

# ११ अन्तर्राष्ट्रिय तथा कूटनीतिक भेट

- नेपालमा दूतावास खोल्न पोर्चुगलका राजदूत महामहिमसँग अनुरोध
- अष्ट्रेलियन राजदूत फेलिसिटी भोल्कसँग नेपाली विद्यार्थीको बारेमा छलफल
- बेलायतमा रहेका नेपालीहरूको समस्या तथा अवसरका बारेमा बेलायती सांसदसँग छलफल
- अन्तर्राष्ट्रिय श्रम संगठन (आइओएम) सँग सहकार्यका लागि छलफल
- अन्तर्राष्ट्रिय कार्यक्रममा सहभागिता
- अध्यक्ष डा केसी र अस्ट्रेलियाली राजदूत र उप-मिशन प्रमुखबीच विशेष भेट

संघले अन्तर्राष्ट्रिय तथा कूटनीतिक भेटवार्तालाई पनि निरन्तरता दिँदै आएको छ । यस क्रममा संघका अध्यक्ष डा बद्री केसीको नेतृत्वमा विभिन्न चरणमा निम्नानुसार भेटघाट र संवाद भएका छन् ।

## ११.१ नेपालमा दूतावास खोल्न पोर्चुगलका राजदूत महामहिमसँग अनुरोध

संघले नेपालमा दूतावास खोल्न पोर्चुगलका राजदूत महामहिम (Joao Ribeiro de Almeida) जोआओ रिबेरो दि अल्मेडालाई आग्रह गरेको छ । अध्यक्ष डा. बद्री केसीले राजदुत अल्मेडालाई लिखित ध्यानार्कषण पत्र बुझाउँदै भिसा प्रकृयाका लागि नेपालबाट भारतसम्म जानुपर्ने हुँदा बढी खर्चिलो र विभिन्न प्रशासनिक कठिनाई समेत व्यहोर्नुपर्ने बाध्यता रहेको भन्दै त्यसको समाधानका लागि नेपालमै दूतावास स्थापना गरी काम सुरु गर्न अनुरोध गर्नुभएको छ । भेटमा राजदूत अल्मेडाले नेपालीले भोग्नुपरेका समस्यालाई गम्भीरतापूर्वक लिने र छिट्टै समाधान गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

## ११.२ अष्ट्रेलियन राजदूत फेलिसिटी भोल्कसँग नेपाली विद्यार्थीको बारेमा छलफल

अध्यक्ष डा बद्री केसीले नेपालका लागि अष्ट्रेलियन राजदूत फेलिसिटी भोल्कसँग भेटघाट गर्नुभएको छ । राजदुत भोल्कलाई त्यहाँ रहेका नेपाली विद्यार्थीहरुका समस्याका बारेमा अनुरोध पत्र हस्तान्तरण गरिएको छ । राजदूत भोल्कलाई बुझाएको पत्रमा नेपाली विद्यार्थीहरु र अस्थायी भिसा लिएर अष्ट्रेलिया जान चाहनेहरुको सहजिकरणको लागि काठमाडौंबाटै भिसा प्रदान गर्न अष्ट्रेलियाको भिसा कार्यालय पुन: स्थापना गर्न आग्रह गरिएको छ । त्यसैगरि, अष्ट्रेलियाको अर्थतन्त्रमा विशेषगरी शिक्षा क्षेत्रमा नेपालको महत्वपूर्ण योगदानको स्मरण गर्दै नेपालीहरुलाई लगानीको वातावरण बनाउन र ती लगानीहरुमा अनुदानको लागि सहयोग गरिदिन अष्ट्रेलिया सरकारसँग राजदूतमार्फत अनुरोध गरिएको छ ।

## ११.३ बेलायतमा रहेका नेपालीहरूको समस्या तथा अवसरका बारेमा बेलायती सांसदसँग छलफल

अध्यक्ष डा.बद्री केसीले बेलायती सांसद क्यामरन थोमस र काउन्सिलर ग्राहम बकिङसँग ग्लोस्टशायरमा नेपाली डायस्पोराको विषयमा छलफल गर्नुभएको छ । उहाँले बेलायतमा नेपाली समुदायको समस्या, गोर्खाहरूले उठाउँदै आएको समान पेन्सन र अधिकारको आन्दोलन लगायत नेपाल र बेलायतबीचको ऐतिहासिक सम्बन्धका विषयमा सहयोगका लागि आग्रह गर्नुभएको छ ।

## ११.४ अन्तर्राष्ट्रिय श्रम संगठन (आइओएम)सँग सहकार्यका लागि छलफल

गैरआवासीय नेपाली संघ र अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ)सँग वैदेशिक रोजगारी तथा आप्रवासनका सम्बन्धमा विभिन्न चरणमा छलफल गरिएको छ । आइएलओका नेपाल प्रमुख एलिजावेथ लगायत अन्य व्यक्तित्वसँग निरन्तर विभिन्न चरणमा दुई संस्थाबीच विशेषत: श्रम तथा आप्रवासन सम्बन्धि परियोजनामा हातेमालो गर्ने सम्बन्धमा छलफल गरिएको छ ।

## ११.५ अन्तर्राष्ट्रिय कार्यक्रममा सहभागिता

यस वर्ष, एनआरएनएले खाद्य तथा कृषि संगठन र नेपाल सरकारले संयुक्त रुपमा आयोजना

गरेको कार्यक्रममा सक्रिय सहभागिता जनाएको छ । यसले संघको अन्तर्राष्ट्रिय स्तरमा सक्रियता र योगदानलाई दर्शाउँछ । अन्तर्राष्ट्रिय कार्यक्रमहरूका अतिरिक्त, सचिवालयबाट समेत नेपालस्थित कतार का महामहिम राजदुतज्युसंग पनि द्विपक्षीय छलफल गरेको छ । यी छलफलहरूले विभिन्न साझेदारी र सहकार्यका अवसरहरू सिर्जना गर्न मद्दत पुर्याउने अपेक्षा गरिएको छ ।

## ११.६ अध्यक्ष डा केसी र अस्ट्रेलियाली राजदूत र उप-मिशन प्रमुखबीच विशेष भेट

काठमाडौँस्थित अस्ट्रेलियाली दूतावासमा संघका अध्यक्ष डा.बद्री केसी र नवनियुक्त राजदूत लियन जोनस्टन तथा उप-मिशन प्रमुख ग्रेग क्लेमबीच भेट भएको छ । सो अवसरमा अस्ट्रेलियामा भिसा कार्यालयको लागि लबिङ, अस्ट्रेलियाली अर्थतन्त्रमा प्रवासीको योगदानको मान्यता, छात्रवृत्ति अवसरको वृद्धि, सांस्कृतिक आदानप्रदान, व्यापार र द्विपक्षीय सम्बन्धलाई मजबुत बनाउने योजनाहरूमा चर्चा भयो । यस्तै विद्यार्थहरूको लागि प्री-डेपाचर ओरिएन्टेशनको व्यवस्था, आगामी अन्तर्राष्ट्रिय महिलाहरूको सम्मेलनको योजना लगायतमा पनि छलफल भयो । यो भेटले नेपाल र अस्ट्रेलियाबीचको सम्बन्धलाई थप सुदृढ पार्न महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

## १२ स्मार्ट सार्वजनिक शौचालय र बगैंचा निर्माण

गैरआवासीय नेपाली संघको आर्थिक सहयोगमा पोखरा महानगरपालिका वडा नं.८ महेन्द्रपुलमा स्मार्ट सार्वजनिक शौचालय, चमेना गृह, र बगैंचा निर्माण गर्ने सम्झौता भएअनुसार शौचालय निर्माण सम्पन्न भइसकेको छ । अहिले बगैंचा निर्माणको काम जारी रहेको छ । जसमा संघले सहकार्य गरिरहेको छ । यस्तै कञ्चनपूरको बैजनाथ स्कूलको स्मार्ट शौचालयको निर्माण सम्पन्न भएको छ यसको हस्तान्तरण गर्न बाँकी रहेको छ ।

## १३ विदेशमा बस्ने नेपालीको मताधिकारको अधिकार सुनिश्चित गर्न पहल

गैरआवासीय नेपाली संघले लामो समयदेखि माग गर्दै आएको विदेशमा बस्ने नेपालीको मताधिकारको अधिकारको माग सम्बोधन भएपछि अहिले निर्वाचन आयोगले विदेशमा रहेका नेपालीहरुको मताधिकारको अधिकार कार्यान्वयनको लागि कार्यविधि गरिरहेको छ । जसका लागि आयोगको गैरआवासीय नेपाली संघसँग पनि छलफल गरिरहेको छ । विभिन्न चरणमा आयोगले आयोजना गरेका कार्यक्रममा संघको प्रतिनिधित्व रहँदै आएको छ । संघकै सहकार्यमा विदेशमै पुगेर मतदाता नामावली संकलनको तयारी गरिरहेको छ जसमा गैरआवासीय नेपाली संघको अन्तर्राष्ट्रिय समन्वय परिषद र राष्ट्रिय समन्वय परिषद्ले सरकारलाई सहजीकरण गर्नेछन् ।

# १४ वैदेशिक रोजगार

वैदेशिक रोजगारलाई सुरक्षित र मर्यादित बनाउन सरकारसँग सहकार्य गर्दै वैदेशिक रोजगारमा जाने कामदारहरूको सुरक्षाको सुनिश्चितता, तिनीहरूको अधिकार संरक्षण, तथा समग्र प्रक्रियालाई पारदर्शी र मर्यादित बनाउने उद्देश्यले विभिन्न कार्यहरू सम्पन्न गरिएका छन् । सामाजिक सुरक्षा कोषमा वैदेशिक रोजगारमा गएका नेपाली कामदारहरूको आबद्धता बढाउन निरन्तर पैरवी भइरहेको छ ।

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा बसेको Migrants Rights and Decent Work –MiRiDeW परियोजनाको Project Advisory Committee (PAC) बैठकले गैरआवासीय नेपाली संघलाई पनि उक्त परियोजनाको Project Advisory Committee (PAC) सदस्यमा चयन गरेको छ र उक्त बैठकमा संघका प्रमुख कार्यकारी अधिकृत राजेन्द्र कुमार राउतले भाग लिनु भएको थियो । यस परियोजनाले प्रवासी नेपालीहरूको अधिकार र मर्यादित कामको सुनिश्चिततामा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

यस्तै श्रम मन्त्रालयमा Migration Policy Review बैठकमा वैदेशिक रोजगार, प्रवासी कामदारहरूको अधिकार, सुरक्षा, र कल्याणका विषयमा संघको तर्फबाट वर्तमान नीति, त्यसका प्रभावहरू, र सुधारका सम्भावनाहरूको बारेमा सुझाव पेश गरिएको छ । यसैगरी संघ र हेल्भिटासका प्रतिनिधिहरू बीच वैदेशिक रोजगारसँग सम्बन्धित विभिन्न मुद्दाहरू, चुनौतीहरू र सम्भावनाहरूको बारेमा गहन अध्ययन गर्ने सम्बन्धमा छलफल भएको छ । रुसमा श्रम स्वीकृति लिएर बसेका नेपालीहरुलाई रुस-नेपाल आवत-जावतमा सहजीकरणका लागि संघ पहल गर्दै आएको छ ।

# १५ नेपाल व्यापार प्रवर्द्धन

गैरआवासीय नेपाली संघ र नेपाल सरकार उद्योग वाणिज्य आपूर्ति मन्त्रालय अन्तर्गत रहेको व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रबीच नेपालमा उत्पादन भएको सामग्रीलाई अन्तर्राष्ट्रिय बजारमा प्रवर्द्धन गर्नका लागि समझदारी पत्रमा हस्ताक्षर भएको छ । उक्त हस्ताक्षर कार्यक्रममा संघका अध्यक्ष डा. बद्री केसी, महिला सचिव राधिका गुरुङ, र व्यापार तथा निकासी प्रवर्द्धनका प्रतिनिधिहरू लगायतको उपस्थिति रहेको थियो। यस समझदारीले नेपाली उत्पादनलाई विश्व बजारमा प्रवर्द्धन गर्न र निर्यात वृद्धि गर्न महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ । समझदारी पत्रमा नेपालका स्थानीय उत्पादनहरूको अन्तर्राष्ट्रिय पहिचान बढाउन र आर्थिक विकासमा योगदान पुऱ्याउन मद्दत गर्नेछ । यसले नेपाली उद्यमीहरूलाई नयाँ अवसरहरू प्रदान गर्दै, उनीहरूको उत्पादनलाई विश्वव्यापी बजारमा प्रतिस्पर्धी बनाउन सहयोग पुऱ्याउनेछ ।

# १६ आर्थिक पारदर्शिता

संस्थामा आर्थिक पारदर्शिता कायम गर्न कोषाध्यक्षमा नेतृत्वमा साप्ताहिक बैठक बस्ने र साताभरि भएका गतिविधि जानकारी गराउने गरिएको छ । मासिक, त्रैमासिक र वार्षिक आर्थिक प्रतिवेदन प्रकाशन गरिएको छ । पारदर्शिताका लागि सम्पूर्ण आइसीसी तथा एनसीसी पदाधिकारी एवं अन्य सदस्यलाई इमेलमार्फत जानकारी गराइएको छ । आन्तरिक र बाह्य लेखा परिक्षकमार्फत आर्थिक पारदर्शितालाई चुस्त-दुरुस्त राखिएको छ भने संस्थाको वार्षिक आर्थिक प्रतिवेदन इमेलमार्फत उपलब्ध गराइएको छ ।

## १७ नेपाली डायस्पोरा मूलधारको एकीकरण

गैरआवासीय नेपाली संघको कल्याणकारी विभाग अन्तर्गत गठित यस नेपाली डायस्पोरा मूलधारको एकीकरण टास्कफोर्सले विभिन्न कारणवस विदेश पलायन भएका दक्ष र अदक्ष नेपालीहरुको विदेश बसाई, त्यो देशबाट उनीहरुले प्राप्त गर्ने सुविधा, बसी आएको देशमा उनीहरुलाई सामाजिक रुपमा सशक्त बनाउने र पहिचान दिलाउने काममा सक्रिय रुपमा लागिरहेको छ । यस टास्कफोर्स गठन भएपछि हालसम्म एउटा आधिकारिक बैठक सम्पन्न भयो । नेपाली डायस्पोरालाई महादेशीय क्षेत्रको आधारमा सामाजिकरुप स्थापित गर्न हरेक महादेशहरु समेटी विज्ञ विशेषज्ञ र नेपाली मूलका राजनीतिज्ञहरुसंग चेतनामूलक सेमिनार/ बैठक गर्ने, नेपाली डायस्पोरामा उल्लेखनीय योगदान दिएका विभिन्न पेसा र विधाका १० व्यक्तित्वहरुको पहिचान गरी एक सम्मान कार्यक्रम आयोजना गर्ने तथा अन्य अन्तर्राष्ट्रिय डायस्पोराहरुसँग सहकार्य गरी नेपाली डायस्पोराको पहिचान बढाउने लगायतका योजना अनुरुप काम भइरहेको छ ।

## १८ भूपू गोर्खाज् अधिकार र आन्दोलन

कल्याणकारी विभाग अन्तर्गतको गोर्खा टाक्सफोर्समार्फत बेलायतमा रहेका भूपू गोर्खा सेनाले समान पेन्सन र अधिकारको लागि गरेको आन्दोलनको समर्थनमा संघले काम गर्दै आएको छ । बेलायतमा रहेका भूपू गोर्खाज्का हक र हितका लागि संघले उठाउँदै आएको आवाजलाई पुन: पुष्टि गर्दै, समान पेन्सन र अधिकारको आन्दोलनलाई बेलायत र नेपालका प्रधानमन्त्रीबीच प्रत्यक्ष वार्तामार्फत समाधान गर्नको लागि खबरदारी गर्ने काम भइरहेको छ ।

# १९ अध्यक्षको भ्रमण

- यूके भ्रमण
- अष्ट्रेलिया भ्रमण

डा.बद्री केसीको अष्ट्रेलिया भ्रमणले गैरआवासीय नेपाली संघको भूमिका र महत्वलाई अझ सशक्त बनाउने उद्देश्यले दुई एनसीसीको भ्रमण गर्नुभयो ।  यूके र अष्ट्रेलियामा रहेका नेपाली समुदायले उहाँको भ्रमणलाई उच्च मूल्यांकन गरेको छ ।

## १९.१ यूके भ्रमण

गैरआवासीय नेपाली संघ (एनआरएनए) का अध्यक्ष डा. बद्री केसीको हालै सम्पन्न यूके भ्रमण अत्यन्तै सफल र फलदायी भएको छ । भ्रमणको क्रममा, उहाँले विभिन्न कार्यक्रमहरूमा सहभागिता जनाउँदै गैरआवासीय नेपाली नागरिकता, सम्पत्ति सुरक्षा, र नेपालमा लगानीका विषयमा छलफल गर्नुभयो अध्यक्ष डा. केसीले लण्डनमा आयोजित १५ औं नेपाली मेलामा सम्बोधन गर्दै नागरिकता कार्यान्वयनका समस्याबारे चर्चा गर्नुभयो । अल्डरशटमा आयोजित सार्वजनिक सुनुवाई कार्यक्रममा उहाँले गैरआवासीय नेपालीहरूको सम्पत्ति सुरक्षामा जोड दिनुभयो।

बेलायतमा रहेका भूपू गोर्खा सेनाले समान पेन्सन र अधिकारको लागि गरेको आन्दोलनको समर्थन जनाउँदै, उहाँले मन्त्रीस्तरीय वार्ता हुनुपर्नेमा जोड दिनुभयो । बेलायत भ्रमणका क्रममा, डा. केसीले नेपाल दूतावासमा विशेष भेटवार्ता गर्नुभयो र बेलायती सांसदहरूसँग नेपाली डायस्पोराका विषयमा छलफल गर्नुभयो ।

अध्यक्ष डा. केसीले गैरआवासीय नेपाली संघको सहयोगमा नेपालमै सबैभन्दा ठूलो लगानी कम्पनी सञ्चालनमा ल्याउने तयारीमा रहेको जानकारी दिनुभयो । यस भ्रमणले गैरआवासीय नेपाली संघको भूमिका र महत्वलाई अझ सशक्त बनाएको छ ।

यस्तै बेलायतबाट सञ्चालन हुने नेपाल ब्रिटेन अनलाइनको वार्षिकोत्सवमा सम्बोधन गर्दै अध्यक्ष डा केसीले गैरआवासीय नेपाली नागरिकका लागि राज्यले संविधानमार्फत ग्यारेन्टी गरेको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार गैरआवासीय नेपाली नागरिकताको पूर्ण कार्यान्वयनमार्फत पूरा हुने बताउनुभयो ।

## १९.२ अष्ट्रेलिया भ्रमण

गैरआवासीय नेपाली संघ (एनआरएनए) का अध्यक्ष डा. बद्री केसीको करिब १० दिनको अष्ट्रेलिया भ्रमण सफलतापूर्वक सम्पन्न गर्नुभयो ।  यस भ्रमणमा उहाँसँगै केन्द्रीय उपाध्यक्ष रोजिना प्रधान राई (युके) र केन्द्रीय सचिव टिका गुरुङ (हङकङ) पनि सहभागी हुनुहुन्थ्यो । डा. केसी एनआरएनए अष्ट्रेलियाको निम्तामा नेपाली मेला २०२४ मा सहभागी हुन अष्ट्रेलिया जानुभएको थियो । पर्थमा आयोजित मेलामा डा. केसीले नेपाली संस्कृति र परम्पराको महत्वबारे सम्बोधन गर्नुभयो । यस्तै उहाँले मेलबर्न, सिड्नी, र क्यानबेरामा आयोजित अन्तरक्रिया कार्यक्रममा डा. केसीले गैरआवासीय नेपाली समुदायसँग प्रत्यक्ष संवाद गर्नुभयो । यस्तै एडिलेडमा आयोजित कार्यक्रममा डा. केसीले युवा सदस्यहरूसँग संवाद गर्दै उनीहरूको विचार सुन्नुभयो । यस्तै उहाँले एनआरएनए अष्ट्रेलियाको वार्षिक साधारणसभा उद्घाटन गर्नुभयो । यस भ्रमणमा डा. बद्री केसीसँगै केन्द्रीय उपाध्यक्ष रोजिना प्रधान राई र केन्द्रीय सचिव टिका गुरुङ पनि सहभागी हुनुहुन्थ्यो। उहाँहरूले अष्ट्रेलियाका विभिन्न कार्यक्रमहरूमा सहभागिता जनाउँदै नेपाली समुदायसँग अन्तरक्रिया गर्नुभयो ।

# २० कर्मचारीको वृत्तिविकास कार्यक्रम

यस संघको सचिवालयमा कार्यरत कर्मचारीहरूको पेशागत वृत्तिविकासका लागि दुई चरणमा विज्ञहरूको उपस्थितिमा नेतृत्व विकास सम्बन्धी तालिम सञ्चालन गरिएको छ । यस्ता किसिमका कार्यक्रमले कर्मचारीहरूको नेतृत्व क्षमता अभिवृद्धि गर्न, उनीहरूको पेशागत दक्षता सुधार गर्न र संगठनको समग्र कार्यक्षमता बढाउन महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ । तालिमका क्रममा सहभागीहरूले नेतृत्वका विभिन्न सिद्धान्तहरू, व्यवहारिक सीपहरू र रणनीतिहरूको अध्ययन गरेका छन् ।

## २१ गैरआवासीय नेपाली दिवस

हरेक वर्ष अक्टोबर ११ मा मनाइने गैरआवासीय नेपाली दिवस विभिन्न कार्यक्रमहरू गरी मनाइएको छ। सदाको वर्षझैं यसपटक पनि दिवसको अवसरमा पशुपतिनाथ तथा स्वयम्भूनाथमा विशेष पूजा सम्पन्न गरिएको छ । यस अवसरमा, नेपाल र विदेशस्थित एनसीसीहरुले पनि अक्टोबर महिनाको तेस्रो सातासम्म विविध कार्यक्रमहरू आयोजना गरे । जसमा सांस्कृतिक कार्यक्रम, सेमिनार, र अन्य सामाजिक गतिविधिहरू समावेश छन् । यो दिवसले विश्वभर रहेका गैरआवासीय नेपालीहरूलाई एकताबद्ध गर्ने र उनीहरूको योगदानलाई सम्मान गर्ने उद्देश्य राखेको छ। यसै अवसरमा २७ र २८ अक्टोबर २०२४ मा विशेष कार्यक्रम आयोजना गरिएको छ।

## २२ नियमित गतिविधि तथा संघसंस्थाहरूसँग सम्झौता

यस कार्यकालको पहिलो वर्षमा ९ वटा आइसीसी बैठक ( औसतमा ३ महिनामा एक बैठक), ८ वटा आइएस/ओबि बैठक (औसतमा २ हप्तामा एक बैठक), नियमित रुपमा एनसीसीहरुको बैठक सम्पन्न भएका छन् । यस कार्यकालको पहिलो वर्षमा विभिन्न ६ वटा संघ-संस्थाहरुसँग सहकार्यको लागि सम्झौता भएको छ। यस सम्बन्धी सम्पूर्ण विवरण अनुसूचीमा उल्लेख छ।

# २३ पिएनओ परिचय पत्र जारी गर्न मागपत्र हस्तान्तरण

नेपाली मूलका जनताको कल्याण समितिले थाइल्याण्ड र नेपालमा रहेका विभिन्न राजनैतिक व्यक्तित्व र सरकारी अधिकारीहरूसँग पिएनओ (Person of Nepali Origin) सम्बन्धी छलफल र परिचय पत्रको माग गर्दै महत्वपूर्ण कार्यहरू सम्पन्न गरेको छ । सोमछाइ छात्री (कुमार कार्की) को संयोजकत्वमा २७ सदस्यीय समिति गठन गरी सामाजिक कल्याणका क्षेत्रमा योगदान पुर्याइएको छ। थाइल्याण्डस्थित नेपाली गोर्खाली संघ र थाइ नेपाली संघको विभिन्न कार्यक्रमहरूमा पिएनओको परिचय र यसको महत्वबारे जानकारी प्रस्तुत गरिएको छ । साथै, नेपाल सरकारलाई पिएनओ परिचय पत्र जारी गर्न मागपत्र हस्तान्तरण गरिएको छ । समितिले आगामी चुनौतीहरूको सामना गर्न, एनआरएनए निर्वाचनलाई गुटबन्दीबाट मुक्त राख्न, र संघमा योग्य प्रतिनिधिहरूलाई समावेश गर्न सुझावहरू पनि प्रस्तुत गरेकोछ।

# २४ विभाग, समिति तथा कार्यदलहरू गठन

संघको गतिविधिहरुलाई सञ्चालन गर्न देहायअनुसारको विभाग, समिति तथा कार्यदलहरु गठन गरिएको थियो । यी समिति तथा कार्यदलहरुले आ-आफ्ना कार्ययोजना तयार गरी गतिविधिहरु सञ्चालन गरेका थिए। समिति तथा कार्यदलको गठन तपशिल अनुसार भएको थियो ।

## Department and Committees:

### Flagship projects

- 100M USD Flagship project

### Financial Sustainability Department

- Social Partnership
- Audit Committee

### Organization & Administration Department

- Smart NRNA Committee
- Communication and Publication Committee
- Disciplinary Committee
- Constitution Explanation Committee
- Constitution Amendment Committee
- Supervision, Monitoring & Evaluation

### Philanthropy and Humanitarian Assistance Department

- One NCC One Project
- One Province One Mobile Blood Bus Project
- Earn and Educate
- Disaster Management

### Nepal Promotions Department

- Tourism Promotion Nepal
- Language, Literature Committee
- Culture and Heritage
- Promotion of Nepali Goods Abroad Committee

### Foreign Employment Department

- Foreign Employment Relief Fund Committee
- Social Security Liaison Committee
- Foreign Employment Counciling

### Trade and Investment Department

- Trade and Investment Promotion

### Skill, Knowledge & Technology Transfer Department

- Health Committee
- Agriculture Committee
- Nepal Science Foundation
- Engineering and IT Taskforce
- NRNA LifeTech Transfer

### Welfare of NRNs Department

- Continuation of Nepalese Citizenship Committee
- Voting Right of NRNs
- Welfare of Gurkhas
- Welfare of PNOs
- NRNA Global Nepali Diaspora Integration Committee

### Women Department

- Women Welfare Fund Committee
- Women Empowerment
- Women Entrepreneurship
- Street Connected Children Welfare Project

### Youth Department

- Sports Academy
- Second Generation and Youth Exchange
- Student Support
- Youth Entrepreneurship and Leadership

## सारांश

अनेकौं चुनौतीका बाबजूद यस कार्यसमितिले अघि सारेका योजनाहरु नियमित रुपमै कार्यान्वयन भएका छन् । अझै गैरआवासीय नेपाली नागरिकताको पूर्ण कार्यान्वयन र नागरिकताको आधारमा कम्पनी दर्ता गर्न पाउने विषयमा पहल भइरहेको छ भने विदेशमा बस्नेको मताधिकार, सुरक्षित र मर्यादित वैदेशिक रोजगार, लगानी, पर्यटन प्रवर्द्धन, संघको आर्थिक पारदर्शिता, स्मार्ट एनआरएन लगायतका विषयमा हाल भइरहेका कामहरुलाई आगामी दिनमा मुख्य प्राथमिकताका साथ अघि बढाइने छ । विगतमा गरिएका प्रतिबद्धताहरू कार्यान्वयन गराउन आ-आफ्नो स्थानबाट सहयोग गर्नुहुने नेपाल सरकार, राष्ट्रिय समन्वय परिषद, अन्तर्राष्ट्रिय समन्वय परिषद, संरक्षकहरु, सल्लाहकार, मानार्थ सदस्य, सञ्चार, सचिवालयका कर्मचारी, पञ्जिकृत सदस्यहरुप्रति आभार तथा धन्यवाद व्यक्त गर्दछौं ।

# अनुसूची

## International Council Meetings held in the term of 2023-2025

| DATE | MEETING |
|---|---|
| 21 Oct 2023 | 92th ICC Meeting. |
| 13 NOV 2023 | 93rd ICC Meeting |
| 26 Nov 2023 | 94th ICC Meeting |
| 20 to 22, 2024 | 95th ICC Meeting |
| 31 march 2024 | 96th ICC Meeting |
| 15 April 2024 | 97th ICC Meeting |
| 17 August 2024 | 98th ICC Meeting |
| 8 sept 2024 | 99th ICC meeting |
| 30 sept 2024 | 100th Icc Meeting |

## International Council Meetings held in the term of 2023-2025

| MEETING | DATE |
|---|---|
| 1st IES/OB | 21st October, 2023 |
| 2nd IES/OB | 17th December 2023 |
| 3rd IES/OB | 3rd Feb, 2024 |
| 4th IES/OB | 25th Feb, 2024 |
| 05th IES Meeting | 15th Sept 2024 |
| 6th IES Meeting | 22nd sept 2024 |
| 7th IES meeting | 29th sept 2024 |

## Cooperation and MOU Singed in 2023-2025:

- The memorandum of Understanding (MOU) Signed between Non-Resident Nepali Association (NRNA) and Trade and Export Promotion Center (TEPC)on 26 March 2024
- The memorandum of Understanding (MOU) Signed between Non-Resident Nepali Association and Jyoti Foundation on 7 April 2024.
- The memorandum of Understanding "MOU" was singed between Non-Resident Nepali Association and Lumbini Cultural Municipality, Kapilvastu Municipality, Ramgram Municipality and Devdaha Municipality on 27 march 2024.
- The memorandum of Understanding "MOU" was singed between Non-Resident Nepali Association and NarayanHiti Guthi Manangement comitee on 29 March 2024.
- The memorandum of Understanding "MOU" was singed between Non-Resident Nepali Association and Sajha Sahaytii Nepal on 5th April 2024 for supporting vulnerable girls residing the shelter.
- The memorandum of Understanding "MOU" was singed between Non-Resident Nepali Association, Yogi NarahariNatha Adhyatma Bigyan Pathshala and Scad of Technical Mind for E-Library.



संघको ८५औं अन्तर्राष्ट्रिय समन्वय परिषदको प्रत्यक्ष बैठक





भूकम्पबाट प्रभावित क्षेत्र जाजरकोट र पश्चिम रुकुममा संघद्वारा राहत वितरण कार्य सम्पन्न




भूकम्प प्रभावित क्षेत्र जाजरकोटको रिम्ना गाउँपालिकामा स्वास्थ्य शिविर



पोर्चुगलमा हालसालै निधन हुनु भएका धन बहादुर क्षेत्रीको परिवारलाई रु.२ लाखको चेक हस्तान्तरण ।



कंगोमा निधन हुनु भएका सुरेश सिल्लाको परिवारलाई आर्थिक सहयोग हस्तान्तरण ।



मधेश प्रदेशको जनकपुरमा मोबाइल ब्लड बस नेपाल रेडक्रसलाई हस्तान्तरण ।



कोशी प्रदेशको धरानमा मोबाइल ब्लड बस नेपाल रेडक्रसलाई हस्तान्तरण ।




सेती प्रादेशिक अस्पताललाई अक्सिजन प्लान्ट हस्तान्तरण गर्ने कार्य सम्पन्न ।




सिन्धुपाल्चोक जिल्लाको बलेफी गाउँपालिका वडा नं ७ खाडीचौरमा रहेको श्री बाल शिक्षा माध्यमिक विद्यालयमा छात्रछात्रालाई म्याट्रेस हस्तान्तरण



जाजरकोटको भुकम्प प्रभावित विद्यालयहरु क्रमशः जनकल्याण आधाभूत विद्यालय, विरेन्द्र आधारभूत विद्यालय र भगवती आधारभूत विद्यालयका विद्यार्थीहरुलाई ३५० थान ट्र्याकसुट र ३५० थान टोपी वितरण



सुनसरीको बर्जु वडा नं ४ मा भएको आगलागी प्रभावितका अवस्थाबारे जानकारी लिनुका साथै प्रभावित क्षेत्रको अवलोकन।



भोजपुर नगरपालिका-१२ टक्सारस्थित मालबाँसेका आगलागी पीडितहरूलाई २५ बण्डल जस्तापाता वितरण




अध्यक्ष डा बद्री केसी लगायत संघका पदाधिकारीहरु भरतपुर भम्रण वर्ष २०२४ को समुद्घाटन कार्यक्रममा सहभागी



लुम्बिनी साँस्कृतिक नगरपालिका रुपन्देही, कपिलवस्तु नगरपालिका, रामग्राम नगरपालिका कपिलवस्तु र देवदह नगरपालिकाल रुपन्देहीवीच लुम्बिनी क्षेत्रको पर्यटन प्रबर्द्धन तथा विकासका लागि समझदारी पत्रमा हस्ताक्षर कार्यक्रम



महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री माननीय मन्त्री सुरेन्द्र राज आचार्य संग भेटघाट



अध्यक्ष डा बद्री केसी, महिला उपाध्यक्ष, महिला सचिव लगायतका पदाधिकारीहरुको महिला, बालबालिक तथा ज्येष्ठ नागरिक मन्त्री माननीय भगवती चौधरी संग भेटघाट।



परराष्ट्र सचिव सेवा लम्मसालसंग भेटवार्ता



महिला विभाग मार्फत धनकुटाको पुर्नस्थापना सेवा केन्द्मा आश्रित बालबालिका लाई दुईलाख रुपैयाँ सहयोग प्रदान




टि २० विश्व कपमा छनौंट भएकोमा नेपाल क्रिकेट संघलाई सहयोग रकम हस्तान्तरण।




राष्ट्रिय भलिबल प्रतियोगितामा पहिलो, दोश्रो र तेश्रो भएका नेपाल पुलिस क्लब, शसस्त्र प्रहरी दल र गण्डकी प्रदेश भलिबल संघलाई नगद पुरस्कार प्रदान गरी सम्मान।




पहिलो एनआरएनए इलाम गोल्ड कप प्रतियोगिताका लागि सहयोग रकम हस्तान्तरण




१८औं सफल पोखरा अन्तर्राष्ट्रिय म्याराथोन प्रतियोगितामा सहभागी



सुदुरपश्चिमका आर्थिक मामिला मन्त्री नरेश कुमार शाही र संघ अध्यक्ष डा बद्री केसीबीच सचिवालयमा भेटवार्ता



अन्तर्राष्ट्रिय चिया सम्मेलन बारे तेश्रो चरणको छलफल



पदाधिकारीहरुको माननीय उद्योग तथा वाणिज्य मन्त्री श्री दामोदर भण्डारीसंग भेटघाट



संघका अध्यक्ष डा बद्री केसी संस्थापक अध्यक्ष डा उपेन्द्र महतो पदाधिकारीहरु लगायतका अभियन्ताहरुको सहभागीतामा गैरआवासीय नेपालीहरुको लगानी तथा एनआरएन नेपाल डेभलपमेन्ट फण्ड लगायतका विषयमा छलफल



माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरत सिंह भण्डारीसंग भेटघाट



Project Advisory Committee (PAC) meeting of Migrants Rights and Decent Work (MiRiDeW) Project सम्बन्धी बैठक



अध्यक्ष लगायतका पदाधिकारीहरुको श्रम मन्त्रालयमा Migration Policy Review बैठकमा सहभागीता




अध्यक्ष डा बद्री केसी र नेपाल स्थित आइओएमका प्रमुख हेलेन फोर्ससँग बीच भेटवार्ता



माननीय श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री माननीय डोल प्रसाद अर्याल संग भेटघाट



प्रधानमन्त्री दैवी प्रकोप उद्दार कोषमा रु. ५१ लाख प्रदान



युथ कन्क्लेभ



अध्यक्ष डा केसी र अस्ट्रेलियाली राजदूत र उप-मिशन प्रमुखबीच विशेष भेट





एनआरएनए युवा सम्मेलन एडिलेड




अष्ट्रेलिया भिक्टोरिया राज्य समितिले मेलबर्नमा आयोजना गरेको अन्तरक्रिया कार्यक्रम




२१औं एनआरएन डे



प्रधानमन्त्री कार्यालयले आयोजना गरेको २०८०/८१ को नेपाल सरकारको नीति तथा कार्यक्रमको तर्जुमा कार्यक्रममा सहभागीताका साथै संघको तर्फबाट सुझावहरु पेश




संघका कर्मचारीहरुको गोदावरी रिसोर्टमा **Professonal Communication and Leadership Training** मा सहभागिता



अध्यक्ष डा बद्री केसी, माननीय गृह मन्त्री रमेश लेखक, कानुनविद्हरु क्रमशः राधेश्याम अधिकारी, माननीय खिमलाल देवकोटा, रामनारायण विडारी, अग्नी खरेल लगायत संघका अभियन्ताहरु वीच हाल विद्यमान रहेका गैरआवासीय नेपाली नागरिकताका कानूनी प्रक्रियाका विषयमा छलफल ।



अष्ट्रेलियन महामहिम राजदुत **Felicity Volk** संग भेटघाट



अध्यक्षको पोर्चुगलका महामहिम राजदूत **Jao Ribeiro de Almedia** संग भेटघाट



अध्यक्ष डा बद्री केसी लगायतका पदाधिकारीहरुको राष्ट्रिय सभाका अध्यक्ष सम्माननीय नारायण दाहालसंग भेटघाट



माननीय उपप्रधानमन्त्री तथा भौतिक पुर्वाधार तथा यायातायात मन्त्री रघुविर महासेठसंग भेटवार्ता



नेपाल कानून आयोगका सचिव तोयानाथ अधिकारी लगायतका प्रतिनिधहरुसंग छलफल




नेपाल विज्ञान तथा प्रबिधि प्रज्ञा प्रतिस्थानको सम्मान कार्यक्रममा प्रमुख कार्यकारी अधिकृत राजेन्द्र कुमार राउत



स्कटल्याण्ड भ्रमण










बाढी पिडितलाई राहत वितरण



NRNA

Non-Resident Nepali Association